# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाडौँद्वारा प्रकाशित

खण्डः ६) काठमाडौँ, भाद्र २८ गते, २०७९ साल संख्याः ३


## भाग २

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
## वागमती प्रदेश, नेपाल ।

नेपालको संविधान बमोजिम गोकर्णेश्वर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गोकर्णेश्वर नगरपालिकाभित्रका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०७९

मूल्य रु : १०/-

# गोकर्णेश्वर नगरपालिकाभित्रका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि, २०७९

## प्रस्तावनाः

गोकर्णेश्वर नगरपालिका भित्रका स्थायी बसोबासी, माध्यमिक तहको कक्षा ११ वा स्नातक तहको पहिलो वर्षमा अध्ययनरत जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक तथा अन्य संकायमा अध्ययन गर्नका लागि आर्थिक रुपले सहज होस् र प्रोत्साहन मिलोस् भन्ने उद्देश्यका साथ यस नगरपालिकाले वितरण गर्ने छात्रवृत्तिलाई नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले, गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन¸२०७५ को दफा ४ बमोजिम गोकर्णेश्वर नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिकः

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम “गोकर्णेश्वर नगरपालिका भित्रका जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने कार्यविधि,२०७९” रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

## २. परिभाषाः

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनुपर्दछ ।

(ख) "सभा" भन्नाले गोकर्णेश्वर नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले गोकर्णेश्वर नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले गोकर्णेश्वर नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "छात्रवृत्ति" भन्नाले यस कार्यविधिले तोकेको आधार अनुसार छनौट भएका विद्यार्थीहरुलाई प्रदान गरिने रकमलाई सम्झनु पर्दछ ।

(च) "जेहेन्दार विद्यार्थी" भन्नाले छात्रवृत्तिको लागि आवेदन दिएका विद्यार्थीहरुमध्ये न्यूनतम शैक्षिक योग्यतामा उच्चतम GPA/अङ्क प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्दछ ।

(छ) "विपन्न विद्यार्थी" भन्नाले आर्थिक रुपमा कमजोर भएको परिवारको विद्यार्थीलाई सम्झनु पर्दछ ।

(ज) "स्थायी बासिन्दा" भन्नाले यस नगरपालिकाका स्थायी बासिन्दा वा यसै नगरपालिकाको मतदाता सूचीमा विद्यार्थी वा आमाबाबुको नाम भएको वा यसै नगरपालिकाको ठेगाना कायम भएको नागरिकता प्राप्त भएको वा बसाईसराई गरी यस नगरपालिकामा बसोबास गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

(झ) चिकित्सा शास्त्र तर्फ भन्नाले एम.बी.बि.एस. अध्ययनलाई सम्झनुपर्दछ ।

(ञ) ईन्जिनियरिङ तर्फ भन्नाले डिप्लोमा इन ईन्जिनियरिङ वा ब्याचलर इन ईन्जिनियरिङ अध्ययनलाई सम्झनुपर्दछ ।

(ट) नर्सिङ तर्फ भन्नाले पि.सि.एल. नर्सिङ वा बी.एस.सी./बी. एन. नर्सिङ अध्ययनलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

### ३ छात्रवृत्तिका प्रकार र मापदण्ड

**(क) छात्रवृत्तिका मापदण्डः**

(१) यस गोकर्णेश्वर नगरपालिकाबाट यस नगरपालिकाका स्थायी वासिन्दा भएका कक्षा ११ वा स्नातक तहको पहिलो वर्षमा भर्ना भई अध्ययन गर्ने छात्र/छात्रहरुलाई छात्रबृत्ति प्रदान गर्न सकिनेछ । यस छात्रवृत्तिको मापदण्ड निम्न प्रकार हुनेछ ।

क) गोकर्णेश्वर नगरपालिकामा स्थायी बसोबास रहेको हुनुपर्नेछ ।

ख) एस.ई.ई. परीक्षा वा कक्षा १२ वा सो सरहको परीक्षामा कम्तिमा २.८ GPA/प्रथम श्रेणी ल्याएको हुनुपर्नेछ ।

ग) यस छात्रवृत्ति कुल १५जना विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

घ) चिकित्साशास्त्रतर्फ १ जनालाई रु ३ लाख प्रदान गरिनेछ ।

ङ) ईन्जिनियरिङतर्फ १ जनालाई रु २ लाख प्रदान गरिनेछ ।

च) नर्सिङतर्फ ९ जनालाई रु २ लाख ५० हजारका दरले प्रदान गरिनेछ ।

छ) मानविकी/कानुन/शिक्षाशास्त्र/व्यवस्थापन लगायतका संकायतर्फ ३ जनालाई प्रति व्यक्ति रु १ लाख प्रदान गरिनेछ ।

(२) यस गोकर्णेश्वर नगरपालिकाभित्रका स्थायी बसोबासी दलित विद्यार्थी मध्ये नर्सिङ विषयमा थप एक जना जेहेन्दार विद्यार्थीलाई उपदफा १ को (च) मा उल्लेख भए बमोजिम अध्ययन छात्रबृत्ति उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-३

## छात्रवृत्ति छनौट तथा सिफारिस समिति

### ४. छात्रवृत्ति छनौट समितिः

(१) छात्रवृत्तिको छनौट तथा सिफारिस गर्न तपसिल बमोजिमको एक समिति रहने छ ।

(क) नगर प्रमुख- संयोजक

(ख) नगर उपप्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) शिक्षा शाखा प्रमुख- सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख-सदस्य

(च) संयोजकले तोकेको सामुदायिक विद्यालयको १ जना प्रधानाध्यापक- सदस्य

(छ) प्रशासन शाखा प्रमुख-सदस्य-सचिव

## ५. छात्रवृत्ति छनौट प्रक्रियाः

(१) दफा ४ बमोजिमको समितिले छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा तपसिल बमोजिमको प्रक्रियाहरु अपनाउनु पर्नेछ ।

(क) छात्रवृत्ति कार्यक्रममा सहभागी हुने विद्यार्थीका लागि दरखास्त आव्हान गर्न सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ ।

(ख) सूचना बमोजिम प्राप्त निवेदन संकलन गर्नुपर्नेछ ।

(ग) प्राप्त निवेदन उपर प्रारम्भिक छानबिन तथा कागजतपत्रहरु रुजु गर्नुपर्नेछ ।

(घ) रित पुगेका निवेदन उपर मूल्याङ्कन गर्नुपर्नेछ।

(ङ) मूल्याङ्कन गर्दा समान अङ्क प्राप्त गर्ने निवेदन उपर दफा ७ को प्राथमिकताक्रम अनुसार छनौट गर्नुपर्नेछ ।

## ६. छात्रवृत्तिको लागि निवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरुः

(१) छात्रवृत्तिका लागि विद्यार्थीले नगरपालिकामा निवेदन पेश गर्दा तपसिलका कागजातहरु संलग्न गर्नुपर्नेछः

(क) नेपाली नागरिकताको प्रतिलिपि । नागरिकता नभएका विद्यार्थीहरुले आमा वा बुबा वा अभिभावकको नागरिकताको प्रतिलिपि ।

(ख) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको प्रमाण

(ग) सम्बन्धित शैक्षिक संस्थामा नियमित अध्ययनरत रहेको पत्र र सो संस्थाको छात्रवृत्तिको लागि सिफारिस ।

(घ) गोकर्णेश्वर नगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाण

(ङ) सम्बन्धित वडाको सिफारिस
(च) सम्बन्धित शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
(छ) दलितको हकमा आधिकारिक निकायबाट प्रमाणित पत्रको प्रतिलिपि

## ७. प्राथमिकता क्रमः

(१) दफा ५ को उपदफा १ को खण्ड (ङ) अनुसार प्राथमिकता सूची निर्धारण गर्दा तपसिल बमोजिम प्राथमिकता क्रम निर्धारण गरिनेछ ।

क) तोकिएको न्यूनतम शैक्षिक योग्यतामा उच्चतम GPA/अङ्क प्राप्त गरेको ।
ख) सामुदायिक विद्यालयबाट SEE वा कक्षा १२ उत्तीर्ण गरेको ।
ग) अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति र महिलाको क्रम ।

(२) प्राथमिकता सूचीबाट पनि निर्णय हुन नसकेको निवेदन उपर कार्यपालिकाको बैठकको निर्णय अन्तिम हुनेछ ।

## ८. छात्रबृत्ति सुविधा एक पटकका लागि मात्र लागू हुनेः

यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रबृत्ति एक व्यक्तिलाई एक पटक मात्र प्रदान गरिनेछ । साथै यस नगरपालिकाबाट प्रदान गरिने छात्रबृत्ति यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरेर मात्र प्रदान गरिनेछ ।

## ९. बाधा नपर्नेः

(१) यस कार्यविधिको दफा ३ मा उल्लेखित छात्रवृति रकम प्रदान गर्दा एक भन्दा बढी विद्यार्थीको समान अङ्क देखिएमा वा अन्य कारणले थप संख्यामा छात्रवृत्ति उपलब्ध गराउन उपयुक्त देखिएमा नगरकार्यपालिकाको बैठकको निर्णयले विषयगत रुपमा प्रदान गरिने छात्रवृत्ति रकममा नबढ्ने गरी दामासाही रुपमा छात्रवृत्ति प्रदान गर्न बाधा परेको मानिने छैन ।

## १०. लागु नहुनेः

नगरसभाले बजेट विनियोजन नगरेमा यस कार्यविधि बमोजिम छात्रवृत्ति त्यस आ.व.का लागि लागु हुने छैन ।

## ११. कार्यविधिमा संशोधनः

यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्नेछ ।

अनुसूची - १
दफा ५ को उपदफा १ खण्ड क सँग सम्बन्धित

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं ।

## छात्रवृत्ति आवेदन फाराम

१ विद्यार्थीको नामः

२. अध्ययनरत तह/कक्षाः

३. स्थायी ठेगानाः

४ .लिङ्ग ५. जन्ममितिः

६. अपाङ्ग भएमा वर्ग खुलाउनेः

७. जाति/जनजातिः

८. अध्ययनरत विद्यालय वा शिक्षालयको नामः

अध्ययनरत संकाय/विषयः

९. अध्ययनरत विद्यालय वा शिक्षालयको किसिमः

क. सामुदायिक ख. संस्थागत ग. अन्य

१०. सम्बन्धित विषय अध्ययनका लागि लाग्ने शुल्कः

११. सम्पर्क नं.

१२. बुबाको नामथरः

१३. आमाको नामथरः

१४. न्यूनतम शैक्षिक योग्यताको GPA/प्रतिशतः

१५. पारिवारिक प्रमुख आयस्रोतः

क. कृषि ख. रोजगारी ग. घरभाडा घ. व्यापार ङ. वैदेशिक आय

निवेदक

सम्बन्धित विद्यार्थीकोः

नामः

हस्ताक्षरः

मितिः
सम्पर्क नं

नगर सभाबाट स्वीकृत मितिः२०७९।५।२१
प्रमाणीकरण मितिः२०७९।५।२२
प्रकाशित मिति : २०७९।५।२८

आज्ञाले,
वैकुण्ठप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत